# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र


बुद्ध वर्ष २५४७ पौष २०६० वर्ष २० अङ्क ९

## धम्मवाणी

**सुखो बुद्धानमुप्पादो, सुखा सद्धम्मदेसना ।**
**सुखा सङ्घस्स सामग्गी, समग्गानं तपो सुखो ॥**
**-धम्मपद १९४**

**बुद्ध उत्पन्न हुनु सुखदायी छ, सद्धर्मको उपदेश सुन्न पाउनु सुखदायी छ । संघमा एकता हुनु सुखदायी छ, सबैजना एकसाथ तप्नु पनि सुखदायी छ ।**

**भदन्त लेदि सयादो**


**भदन्त लेदि सयादो**

भदन्त लेदि सयादोको जन्म सन् १८४६ मा म्यान्मार देशको स्वेवी जिल्लाको सिङ्गपिन गाऊँमा भएको थियो। उहाँको जन्म ऊ टुन था र दो केनेको काखबाट भएको थियो। उहाँहरूको पहिलो सन्तानको निधन पछि जन्मेको हुनाले दोस्रो पुत्रको नामाकरण "तेट खाउङ्ग" भन्ने राखियो । वर्मी भाषामा 'तेट्' को अर्थ 'उक्लनु" भन्ने हुन्छ भने 'खाउङ्ग' को अर्थ 'टुप्पो' हुन्छ । यसरी उनको नाम सरी धर्ममा उनका पाईलाहरू गगन झैं उच्च हुन पुग्यो । सानोमा उनलाई सबैले माऊङ्ग भनेर बोलाउँथ्यो ।

परम्परा अनुसार माउङ्गको शैक्षिक प्रारम्भ गाऊँको एउटा विहारको स्कूलबाट भयो। दश वर्षको उमेरमा उनका माता-पिताले उनलाई सिङ्गपिन गाऊँ कै सयादो ऊ नन्दको विहारमा भर्ती गराए । त्यहाँ उनले वर्मी भाषामा लेख पढ गर्नका साथ-साथै लोकनीति, धर्मनीति तथा पालि परित्त सुत्तहरू सिके ।

पन्ध्र वर्षको उमेरमा सयादो ऊ नन्दको सानिध्यमा श्रामणेर बने । उहाँले उनको 'ञाण धज' नामाकरण गरिदिनु भयो । जस्को अर्थ 'प्रज्ञाको झण्डा' भन्ने हुन्छ । श्रामणेर ञाण-धज आफ्नो कार्य र समय सारणीलाई कडाईकासाथ निर्वाह गर्दथे। राती अवेलासम्म पनि अन्य भिक्षुहरू संगै बसेर पाठ गर्दथे। उनले यस्तै अभ्यास गरेर अभिधर्म कण्ठ गरे ।

ञाण धज १९ वर्षको हुँदा श्रामणेर त्यागेर पुन: गृहस्थ जीवनमा फर्कनु भयो । आफ्नो गुरुले पढाउनु भएको त्रिपिटकको पढाईबाट असन्तुष्ट भएर भिक्षु जीवन त्यागेका थिए। छ: महिना पछि एकजना भिक्षु आचार्यले उनलाई पुन: भिक्षु जीवन जिउन अनुरोध गर्नु भयो । तर उनी मानेनन् । मिङ्गटिन सयादोले कमसेकम आफ्नो शैक्षिक अध्ययन पूरा गर्नको लागि सल्लाह दिनु भयो । कुसाग्र बुद्धि भएका माउङ्ग तेट खाउङ्गले उनको सल्लाहलाई सहर्ष स्वीकार गरे र अध्ययन गर्दै गए। मिङ्गटिन सयादोले एक दिन सोध्नु भयो "तिमी हिन्दूहरूको प्राचिन ग्रन्थ वेद पढ्न चाहन्छौ ?
-"चाहन्छु भन्ते ।"
- त्यसो भए श्रामणेर हुनुपर्छ, सयादो ऊ गन्धमा श्रामणेरहरूलाई मात्र पढाउनु हुन्छ ।"

"हुन्छ, म तयार छु ।" माउङ्ग तेट खाउङ्गले सीघ्र उत्तर दिए ।

यसरी उहाँ पुन: एक पटक श्रामणेर हुनुभयो । यसपछि कहिल्यै पनि भिक्षुत्व त्याग्नु भएन । आफ्ना गुरुहरूको स्नेह र करुणाको कारण पुन: श्रामणेर भएर वेद ग्रन्थको अध्ययन गर्न पाएकोमा उनी गुरूहरू प्रति कृतज्ञ थिए । यस समयमा उनले बर्मी तथा पालि भाषाबाट थुप्रै कविताहरू, जातक कथाहरू लेखे । यसै समयमा पालि-म्यान्मार (बर्मी) ग्रामर पनि लेखे ।

बीस वर्षको उमेरमा, सन् १८६६ मा सयादो ऊ नन्दको सानिध्यमा उपसम्पदा ग्रहण गरे । सन् १८६७ मा वर्षावास शुरु हुनु केही दिन अगाडि भिक्षु ञाण धजले आफ्नो गुरु र आफू हुर्केको गाउँ मोनिवा छोडेर माण्डलेको साङ्गक्यौङ्ग तेकमा अध्ययन गर्नको लागि प्रस्थान गरे ।

सांक्यौङ्ग तेक, राजा मिनडोन मिन (सन् १८५३-१९०३) ले बनाएका थिए । राजा मिनडोन मिनले नयाँ राजधानीमा नयाँ प्रासाद बनाउँदा राजवंशको पूरानो राजभवन अमरापूर छोडेर माण्डले बसेका थिए । पूरानो राजभवन पून: निर्माण गरी बुद्ध शासनको लागि दान दिएका थिए ।



Downloaded from http://www.dhamma.digital

राजा मिनडोन मिनले माण्डलेमा चारसय भन्दा बढी विहारहरू बनाई प्रत्येक बिहारमा दुई हजार भिक्षुहरू बनाएका थिए। यो समय बुद्ध शासनमा रही परियत्ति र पटिपत्ति अध्ययन गर्नेहरूको अधिक संख्या भएको समय थियो। ऊ ञाणधजले सांक्यौङ्ग तेकमा पालि पिटक अध्ययन गर्दा अस्सी हजार भन्दा बढी भिक्षुहरू माण्डलेमा थिए। उनी त्यहाँ दश वर्ष बसे र सम्पूर्ण पिटक, अट्ठकथा तथा र टिकालाई राम्ररी अध्ययन गरे।

म्यानमारको सम्बत १२३३ B.E. अर्थात् सन् १८७१ मा बैशाष पूर्णिमाको दिन देखि पाँचौं संघायन राजा मिनडोन मिनको सहयोगमा शुरु भयो। यो संघायन माण्डलेको राजभवनमा नै गरेको थियो। यस संघायनको अध्यक्षता भदन्त जगरा (फायागीं सयादो), भदन्त नरिन्दा (सिवानी सयादो) तथा भदन्त सुमंगल (म्यीनवोन सयादो) ले गर्नु भएको थियो। यस संघायनमा विभिन्न राष्ट्रहरूबाट करीब ६०० जना भिक्षु सहभागी भएका थिए।

पाँचौं संघायनमा त्रिपिटकका सारा ग्रन्थहरू भिक्षुहरू द्वारा पाठ गरिएका थिए। संघायनमा सहभागी भएका भिक्षुहरूलाई विभिन्न समूहमा विभाजन गरी त्रिपिटक पाठ गराइएको थियो। सेन्टक्याउङ्ग तेकका भिक्षुरूले विनय पिटक, सालिन क्याउङ्ग तेकका भिक्षुरूले सुत्त पिटक र सांक्यौङ्ग तेकका भिक्षुरूले अभिधर्म पिटक पाठ गरेका थिए। यो बृहत संघायनमा भिक्षु ञाण धजले अभिधर्मको कथावत्थु पाठ गरेका थिए। यस कार्यले उनलाई राजा मिनडोन तथा भिक्षु संघ र गृहस्थहरूले सन्मानित गरेका थिए। यस संघायनको एउटा महत्वपूर्ण उपलब्धि त्रिपिटकका सम्पूर्ण सुत्रहरूलाई ७२९ वटा स्लाबमा कुँडेर माण्डलेको कुठोडो पागोडामा राखेको थियो।

सांक्यौङ्ग तेकमा रहँदा ऊ ञाणधजले आफ्नो अध्ययनलाई यथावत कायम गरेका थिए। उनले त्यहाँ त्रिपिटकका सम्पूर्ण ग्रन्थहरू, कथावत्थु र टिकाको अध्ययन गरे। उनले सांक्यौङ्ग तेकमा दुई हजार जना विद्यार्थी भिक्षुरूलाई त्रिपिटकको विषयमा प्रवचन दिएका थिए। उहाँ त्यस समयका अभिधर्म र पालि ग्रामरमा गन्यमान्य भिक्षुहरू मध्ये एक गनिन्थ्यो। उहाँले भिक्षुत्व ग्रहण गरेको दशौं वर्ष (सन् १८७७) हुँदा उहाँले दिनुहुने उत्कृष्ट प्रवचन शैलीलाई ससन्मानीत गरी राजा द्वारा "पठम-सच्च" नामक उपाधिबाट विभूषित गरिएको थियो।

भिक्षु ञाणधज सांक्यौङ्ग तेकमा करिब चौध वर्ष बस्नुभयो। एक पटक सांक्यौङ्ग तेकका सयादोले दुई हजार जना भिक्षुरू सामू बुद्ध, प्रत्येक बुद्ध तथा श्रावकहरूका पारमीका बारेमा बीसवटा प्रश्न गरेका थिए। भिक्षु ञाणधजले ती प्रश्नहरूको उत्तर सन्तोषजनक रूपमा दिएर सयादो तथा अन्य भिक्षुहरूलाई मुग्ध पारेका थिए। ती उत्तरलाई संम्पादन गरी उनले पछि "पारमी दीपनी" ("The Manual of Perfection") नामक पुस्तक निकाले।

प्रत्येक उपोसथका दिनमा ऊ ञाणधज, ऊ ल्हाईङ्ग कहाँ भेट्न जानु हुन्थ्यो। उहाँ यो प्रान्तका मन्त्री हुनुहुन्थ्यो। उनी विभिन्न विषयका विज्ञ हुनुका साथै एक लेखकको रूपमा पनि प्रसिद्ध थिए। ऊ ञाणधजले उहाँ संग धेरै समय विताउनु भयो र लोकिय तथा लोकोत्तरका विषयमा थुप्रै प्रवचन सुन्ने, वादविवाद गरी ज्ञान हासिल गर्ने मौका पाउनु भयो।

केहि समय पश्चात स्वे ये सयादोले आउङ्ग सयादोलाई निगम गाथा पालिबाट म्यानमारको भाषामा उल्था गर्न अह्राउनु भयो। आउङ्ग सयादोले यो कार्य सांक्यौङ्ग सयादोलाई सुम्पियो फेरि सांक्यौङ्ग सयादोले ऊ ञाणधजलाई यो काम जिम्मा लगाउनु भयो। ती सुत्तहरू बुझ्न र त्यसलाई उल्था गर्नु सजिलो कार्य थिएन। तर ऊ ञाण धजले यसलाई सरल भाषामा स्पष्ट अनुवाद गर्नु भयो यस उत्कृष्ट कार्यले सयादो एकदम प्रसन्न हुनु भयो।

त्यस समय अभिधर्म पढ्ने विद्यार्थीहरूका लागि पुस्तकको समस्या थियो। सिंहली भाषामा भदन्त सुमंगलसामीद्वारा लेखेको अभिधम्मत्थ विभावनी टिका मात्रै थियो, जस्मा थुप्रै त्रुटीहरू पाइन्थ्यो। त्यही पुस्तकबाट नै म्यान्मारमा पालि ग्रामर पढाइन्थ्यो। यस समस्याको बारेमा सुईंको पाउने वित्तिकै ऊ ञाणधजले अभिधर्मको टिका र पालि भाषाको नयाँ ब्याकरण लेख्नु भयो।

सन् १८७९ मा राजा मिनडोनका पुत्रले राज्यभार सम्हाल्नु भयो। उनको शासनको तीन वर्ष पछि माण्डलेको राजधानी सांक्यौङ्ग तेकको राजभवनमा ठूलो आगलागी भयो। जस्मा ऊ ञाणधजले आफ्नो थुप्रै पुस्तकहरू, लेखहरू, नोटहरू गुमाउनु पऱ्यो। उहाँले सोह्र वर्ष सांक्यौङ्ग तेकमा बिताउनु भयो जस् मध्ये नौ वर्ष विद्यार्थीको रुपमा र सात वर्ष गुरुको रुपमा विताउनु भयो। त्यहाँ बस्नु हुँदा संघको सेवागर्ने ठूलो मौका पाउनु भयो। उहाँ प्रत्येक बिहान सौचालय सफा गर्ने, खाने पानी भर्ने, सौचालयमा पानी भर्ने, भिक्षुहरूलाई नुहाउने पानी भर्ने गर्नुहुन्थ्यो। प्रत्येक दिन पूरा विहार बढार्नु हुन्थ्यो। त्यस आगलागी पछि उहाँ सांक्यौङ्ग तेक छोडेर मोनिवा जानुभयो।

मोनिवामा उहाँले केहि वर्षावास विताउनु भयो। एक समय वर्षावासको अन्तिम समयमा उहाँ विहार त्यागेर जंगल पस्नुभयो। केहि दिन पछि जंगलको माझ एउटा रुखमुनी केवल तीन वटा चीवरको सहारामा बसीरहेको भेट्टाए। यस जंगलको नाम लेदि थियो। घना झारले ढाकिएको यस जंगलमा थूप्रै जंगली जनावर तथा चराचुरूङ्गी पाइन्थ्यो। केहि गाउँलेहरूले जंगलको बाहिरी भाग फाँडेर खेती योग्य बनाएका थिए। म्यानमारको भाषामा 'ले' को अर्थ खेत हुन्छ र 'टि' अथवा 'दि' को अर्थ खोजिएको भन्ने हुन्छ र 'टाव' भनेको जंगल हो। यसरी यस नयाँ भूभागको नामाकरण "लेटिटाव" अर्थात खोजिएको खेतीयोग्य जंगल भन्ने हुन्छ। पछि यस्को नाम बडलिँदै लेदि टावया हुन गयो।



Downloaded from http://www.dhamma.digital

सया को अर्थ वर्मी भाषामा गुरु अथवा शिक्षक भन्ने हुन्छ "दो" वा 'टोव' को अर्थ ठूलो वा पूजनीय भन्ने हुन्छ। सयादो यस जंगलको मध्य भागमा बस्नु हुन्थ्यो, जहाँ बसेर ध्यान भावना गर्नु हुन्थ्यो । उहाँले पछि भावना गर्ने विहार र पढ्ने विहारको स्थापना गर्नु भयो। यस ठाँउको नामबाट उहाँको नाम पनि "लेदि सयादो" र "लेदि विहार" को नामबाट प्रख्यात हुन गयो ।

त्यस समयमा उहाँले गाई र गोरुको मासु नखानको लागि गृहस्थहरूलाई पढाउनु हुन्थ्यो । गोरु जस्ले हाम्रो खेत जोतेर हाम्रो परिवारको लागि खाना दिन्छ, त्यो बाबु जस्तै हो, त्यस्तै गाईले हाम्रा नानीहरूलाई दूध खुवाउँछ, त्यो आमा समान हो । त्यसैले गाई र गोरु हाम्रा आमा-बुबा जस्तै हुन्; यिनीहरूको मासु खानु हुन्न भन्ने पाठ पढाउनु भयो । उहाँले यसको जागरण ल्याउन खुल्ला चिट्ठीहरू लेखी बाँड्नु भयो । जस्को प्रभाव समाजमा पऱ्यो ।

त्यस समयमा लेदि विहारमा जान आउन उपासकहरूलाई जनावरहरूको समस्या थियो, सयादोले मैत्री भावना द्वारा यस समस्यालाई सुल्झाउनु भयो । यसै समय पछि उहाँ लेदि सयादोको रुपमा चिनिनु भयो । त्यस समयमा उहाँको तीनजना शिष्य भिक्षुहरू लेदि विहारमा बस्न आए ता कि उनीहरूले त्रिपिटक पनि पढ्ने अवसर पाउन् र सयादोको हेरचाह पनि गर्न सकुन् । यसरी पढ्ने भिक्षु शिष्यहरू र श्रद्धालु गुहस्थहरूको संख्यामा विस्तारै बृद्धि हुँदै गयो । यसरी टाढा टाढाका भिक्षुहरू सयादो संग धर्म ग्रन्थ तथा साधना सिक्न आउन थाले पछि उनीहरूले निवासका लागि बिहारहरू बनाए । भोजनशाला बनाए, पाठशाला बनाए । त्यस्तै ध्यान गर्ने हलहरू, खाने पानीको लागि ईनार, शौचालय, छाना छाप्राहरू, चैत्य आदि बनाउँदै गए । यी विहारहरूको नामाकरण "साधुजनपासादिकाराम" भन्ने राखियो जस्को अर्थ "मानिसहरूलाई प्रसन्न गर्ने आराम गृह" भन्ने हुन्छ । त्यस्तै भिक्षु बनाउने हललाई "शासनसोभिनी सीमा" राखियो ।

उहाँ चालीस वर्षको हुँदा ञाणधजबाट लेदि सयादोको रुपमा प्रसिद्ध हुनु भयो । उहाँले लेदि संगठनको स्थापना गर्नु भयो । यस पछिका बाह्र वर्ष विभिन्न प्रान्तबाट आएका भिक्षुहरूलाई त्रिपिटक सिकाउने काममा बिताउनु भयो । उहाँ बिरामी भिक्षुहरूको सुश्रुषा पनि गर्नु हुन्थ्यो ।

उहाँले 'अभिधम्म विभावनी टिका' नामक सिंहली लेखकले लेख्नु भएको पुस्तकमा रहेका दुईसय तीसवटा त्रुटीहरू निकालि नयाँ पुस्तक 'परमत्थ दीपनी टिका' लेख्नु भयो । यो पुस्तक अभिधर्म पढ्ने तथा पढाउने शिक्षकहरूका लागि अतुलनीय सहायक ग्रन्थ हुन गयो। त्यस्तै उहाँले पालि टिका, लक्षण दीपनी, उपोसथ शील विनीक्षय आदि ग्रन्थ लेख्नु भयो ।

उहाँले पछि बुद्धको जन्म संग सम्बन्धित केहि स्थलहरूको यात्रा गर्नु भयो । भारतको बोधगया, सारनाथ, राजगृह, श्रावस्ती, लुम्बिनीको भ्रमण गर्नु भयो । भ्रमणको क्रममा माण्डलेबाट रंगून ट्रेनमा जानुभयो, त्यहाँबाट पानी जहाजबाट कोलकाता आउनु भयो । यस यात्रा अवधिमा उहाँले **प्रतित्यसमुत्पाद** लेख्नु भयो र त्यहाँबाट रंगून फर्किनु हुँदा **प्रतित्यसमुत्पाद दीपनी** लेख्नु भयो । पछिका केहि वर्षमा उहाँले वर्षावासको महिना साधनामा विताउनु हुन्थ्यो त बाँकि महिना लेखनकार्यमा बिताउनु हुन्थ्यो ।

उहाँ पचास वर्षको हुनुहुँदा सपागान विहारमा बस्नुभयो जुन जंगलको मध्य भागमा पर्दथ्यो । उहाँले त्यहाँ बसी 'The Lion's Roar' नामक कविता लेखी आफ्ना पूर्वज गुरुहरूलाई दिनुभयो । यस कवितामा उनले चौथौं ध्यान प्राप्त गरे भन्ने स्पष्ट थियो । त्यसपछि **पुन्नोवाद-कम्मट्ठान** र **विज्जामग्ग दीपनी** लेख्नुभयो । उहाँ ऊ तिलोकको निमन्त्रणामा योन प्रान्त जानु भयो । त्यहाँ उनका पूर्व शिष्यहरू ऊ तिलोक लगायत ऊ नन्दमाल, ऊ विशुद्ध, ऊ जवन, ऊ शोभन र ऊ सुन्दरा संग रात दिन साधना गर्नुभयो ।

लेदि सयादो पचपन्न वर्षको हुँदा चिनविन नदीको नजिकै रहेको स्वे टौङ्ग पहाडको ढुङ्गाको गुफामा बस्नुभयो । त्यहाँ बसेर उहाँले तीनवटा किताब **आहार दीपनी**, **अनुत्त दीपनी** र **धम्म दीपनी** लेख्नु भयो । एक वर्ष पछि त्यहाँबाट चिनविन नदीको उत्तर तर्फ लाट्पान्तौङ्ग (Latpantaung) जानुभयो । यहाँ बसेर ध्यान गर्नुका साथै पाँचवटा किताव **सम्मादिट्ठी दिपनी**, **चतुसच्च दीपनी**, **कम्मट्ठान दीपनी**, **परमत्थ संक्षेप** र **निरुत्ती दीपनी** लेख्नु भयो । यसरी उहाँले पटक पटक गरेर जम्मा ७६ वटा दीपनीहरू लेख्नु भयो जुन सम्पादन गरी ' The Manuals of Dhamma' नामक पुस्तकको रुपमा हाल प्रकाशित गरिएको छ ।

लेदि सयादोका शिष्यहरू मध्ये उहाँसंग सिकेको साधना विधिलाई यथावत अभ्यास गरि प्रचार गर्ने गृहस्थ शिष्य सया थेत्जी हुनुहुन्छ । ऊ थेत्जी लेदि सयादोसंग करिब सातवर्ष साथमा रहनु भयो । लेदि सयादोले ऊ थेतजीलाई धर्म सिकाउनको लागि समाधि र प्रज्ञाको धेरै अभ्यास गर्न सल्लाह दिनु भयो ।

सन् १९१४ मा सया थेत्जीले करिब पन्ध्रजनाको समूहलाई आनापान सिकाउनुभयो । लेदि सयादो ७० वर्षको हुनुहुँदा सयाथेत्जी आफ्नो परिवार सहित आएर मोनिवा बस्नु भयो ता कि उहाँको रेखदेख राम्ररी गर्न सकुन् । त्यहाँ थेत्जीले आफूले गरेको अनुभवका सबै कुरा सुनाए, लेदि सयादो एकदम प्रसन्न हुनुभयो । एक समय लेदि सयादोले आफ्नो दण्डा दिनु हुँदै भन्नु भयो "हेर ! मेरो शिष्य, यो दण्डा लेऊ र अगाडि बढ । तिमी धर्मको रुप र नामको बारेमा सिकाऊ । मेरो बदलामा बुद्ध शासनको रक्षा गर ।"

दोस्रो दिन लेदि सयादोले विहारमा भिक्षुहरूजम्मा गर्नु भयो । ऊ थेत्जीलाई दश-पन्ध्र दिन सम्म निर्देशन दिनको लागि भन्नुभयो । सबै भिक्षुहरूको सामू सयादोले भन्नुभयो "यो गृहस्थ साधक ऊ पो तेट् म जस्तै ध्यान सिकाउन सक्छ। तिमीहरू मध्ये कसैलाई साधना सिक्न मन छ भने ऊ संग सिक र अभ्यासमा लाग। उ यो विहारमा धर्मको झण्डा भई फरफराउने छ।" त्यस पछिका दिनहरूमा ऊ थेत्ले २५ जना साधकहरूलाई धर्म सिकाउने भयो। त्यसपछि उनी सया थेत्जीको नामले



Downloaded from http://www.dhamma.digital

चिनिन थाल्यो। उहाँ ध्यान गुरुका रुपमा प्रसिद्ध हुन थाल्यो। उनको निवास रंगूनबाट नजिकै थियो । त्यसकारण सरकारी अफिसमा कार्यरत कर्मचारीहरू, शहर निवासी व्यक्तिहरू उहाँसंग धर्म सिक्न आउन थाले । उहाँ अनागामी भएको मानिन्छ त्यसैले उनलाई 'अनागामा सया थेत्जी' भनेर चिनिन्छ ।

सन् १९१२ मा लेदि सयादोलाई 'अग्गमहापण्डित' पदबाट विभूषित गरियो । यसरी ब्रिटिश सरकारद्वारा यस पदबाट विभूषित हुने उहाँ पहिलो व्यक्ति हुनुहुन्थ्यो । उहाँलाई रंगून विश्वविद्यालयले पनि साहित्यमा डक्टरेटको उपाधिले सन्मान गरेको थियो ।

उहाँको जीवनको अन्तिम दुई वर्ष लेदि सानक्यौङ्गमा विताउनु भयो । उहाँको जीवनकालको अन्तिम दिनहरूमा उहाँको आँखाको ज्योति कम भयो । धेरै समय लेख्ने पढ्ने कार्यमा व्यतित गरेको कारण यस्तो हुन गयो । ७३ वर्षको हुनुहुँदा पूर्ण रुपमा अन्धो हुनुभयो । ७७ वर्षको उमेरमा सन् १९२३ मा उहाँको निधन भयो । धर्मको एउटा बत्ती निभ्यो ।

उहाँले दिनुभएको जिम्मेवारी सया थेत्जीले यथावत कायम गरे । उहाँसंग ऊ वा खिनले विपश्यना सिक्नुभयो । ऊ बा खिन संग सत्य नारायण गोयन्काजीले सिक्नुभयो । यसरी गुरु शिष्य परम्परा द्वारा बुद्धको उपदेश जनताले अटूट रुपमा सिक्न पाईरहेकाछन् ।

**गुरुजीद्वारा नयाँ वर्षको शुभकामना**

प्रत्येक वर्ष झैं यस वर्ष पनि अनेक साधकहरूले पठाएका दीपावली तथा नयाँ वर्षको शुभकामना पत्रहरू प्राप्त भएका छन् । एक-एक जनालाई नव वर्षको शुभकामना प्रेषित गर्ने अवसर मिलाउन सकेन, त्यसैले यस विपश्यना पत्रिकाको माध्यमबाट ती साधक तथा अन्य सबै साधक-साधिकाहरूलाई मेरो असीम मंगल मैत्री छ । नयाँ वर्षले सबैको मनमा धर्मको नवज्योति प्रज्वलित गरून्! दिन-प्रतिदिन प्रज्ञा पुष्ट होऊन् ! धर्म धारण गर्न मंगलकारी फल आउन् ! प्रभावशाली होउन् ! सबैको मंगल होउन् ।

**मंगल मित्र,**
**सत्यनारायण गोयन्का**

## धर्म गाथा

**हिन्दी**

बिना ज्ञान ना ध्यान है, बिना ध्यान ना ज्ञान ।
ज्ञान ध्यान दोनों मिले, तो होवे कल्याण ॥

वियावान बन भटकते, रहा हृदय अकुलाय ।
गूँजो वाणी धरम की, सत्पथ दिया दिखाय ॥

मंगल वाणी धरम की, सुन मन हरखित होय् ।
दूर होय भ्रम भ्रान्तियाँ, पंथ उजागर होय ॥

सुध बुध खोकर बावरा, पडा विषय के फेर ।
होश जगा सद्गुरु कृपा, उबरत लगी न देर ॥

जीव डुबकियां खा रहा, भव सागर के बीच ।
धन्य भाग ! गुरुवर मिला, लिया बाह भर खींच ॥

बाहर बाहर भटकते, जीवन रहा गवाय ।
भाग्य जगा, सद्गुरु मिला, अंतर दिया दिखाय ॥

**हिन्दी**

जीवन भर ब्याकुल रहे, मन के रहे गुलाम ।
अब तो इस अभ्यास से, मन को करें गुलाम ॥

टूटे मिथ्या कल्पना, छूटे सभी असत्य ।
परम सत्य के पंत का, रहे सहारा तव्य ॥

किया अमंगल ही सदा, मन का रहा गुलाम ।
मिली सुमंगल साधना, मन पर लगी लगाम ॥

भीतर की जागृति बिना, खुली आँख भी सोय ।
इस पावन अभ्यास से, भीतर जागृति होय ॥

धन्य भाग साबुन मिली, निर्मल पाया नीर ।
आओ धाएं स्वयं ही, मन के मैल चीर ॥

शील धरम पालन करूं, कर समाधि अभ्यास ।
निज प्रज्ञा जागृत करूं, करूं दुखों का नाश ॥

**मंगल कामना सहित**
**भाजुरत्न फर्मा**
**विरगञ्ज ।**

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ *पौष २०६०*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email : nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३ ४८५०, ४४३ ४७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२५ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................



Downloaded from http://www.dhamma.digital